# पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

## आ.व. २०८२/०८३

**बैठक नं.- २    बैठक मिति:- २०८२/०५/१९**

**बैठक स्थान:- पाँचपोखरी गाउँपालिकाको कार्यालय**

आज मिति २०८२/०५/१९ गते यस पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाका अध्यक्ष श्री टासी लामाज्यू को अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति:-</u>

| सि.नं. | नम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टासी लामा | अध्यक्ष | |
| २ | श्री सुनिता अधिकारी | उपाध्यक्ष | सुनिता |
| ३ | श्री आलोक कुमार स्याङबो | सदस्य | |
| ४ | श्री बाबुलाल स्याङ्वो | सदस्य | |
| ५ | श्री ङिमा छिरिङ तामाङ | सदस्य | |
| ६ | श्री कुल बहादुर [illegible] | सदस्य | |
| ७ | श्री काले गोले | सदस्य | |
| ८ | श्री नारायण भट्टराई | सदस्य | |
| ९ | श्री सुके तामाङ | सदस्य | |
| १० | श्री विष्णु बहादुर खड्का | सदस्य | |
| ११ | श्री लक्ष्मी तामाङ | सदस्य | |
| १२ | श्री रीता तामाङ | सदस्य | रिता |
| १३ | श्री लक्ष्मी तामाङ | सदस्य | लक्ष्मी |
| १४ | श्री कल्पना पाण्डे | सदस्य | |
| १५ | श्री टासी शेर्पा | सदस्य | |
| १६ | श्री विमला बिश्वकर्मा | सदस्य | |
| १७ | श्री लक्ष्मण कुइकेल | सचिव | |

# पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका

## आ.व. २०८२/०८३

बैठक नं.- २ बैठक मितिः- २०८२/०५/१९

बैठक स्थानः- गाउँपालिका

| सि.नं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | गत कार्यपालिका निर्णयको समिक्षा सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०४/०७ गते बसेको गाउँकार्यपालिका बैठकले गरें सबै निर्णयहरु सर्वसम्मत रुपमा समिक्षा गरियो । |
| २. | दशै लक्षित मोटरवाटो सरसफाई सम्वन्धमा । | पाचँपोखरी थाङपाल गाउँपालिकाको आ.व. ०८२/०८३ को मनसुनजन्य विपदवाट विग्रिएका सबै वडाहरुका सडकहरु नजिकै गरेको विजया दशमीमा आवत जावत गर्न सहज होस् भन्नका लागि आ.व. ०८२/०८३ को गाउँसभावाट दशै लक्षित मोटरवाटो सरसफाईका लागि विनियोजन भएको रु. ५० लाख मध्येवाट तपशिल बमोजिमका वडाहरुलाई तपशिल बमोजिमको रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>१. वडा नं. १ रु. ८ लाख<br>२. वडा नं. २ रु. १२ लाख<br>३. वडा नं. ३ रु. ७ लाख<br>४. वडा नं. ४ रु. ५ लाख<br>५. वडा नं. ५ रु. ६० हजार<br>६. वडा नं. ६ रु. ५ लाख ४० हजार<br>७. वडा नं. ७ रु. ५ लाख<br>८. वडा नं. ८ रु. ७ लाख |
| ३. | आ.व. ०८१/०८२ को वार्षिक समिक्षा सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाको आ.व. ०८१/०८२ मा भएका गरेका सम्पुर्ण कार्यहरुका सम्वन्धमा मिति २०८२ साल असोज ६ गते कार्यपालिका वैठक वस्ने र असोज ७ गते सोको वार्षिक समिक्षा गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ४. | आ.व ०८१/०८२ का लागि LGPAS कार्यविधि छलफल गर्ने सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाको आ.व. ०८१/०८२ मा भएका गरेका सम्पुर्ण कार्यहरुको स्थानीय शासन कार्यसम्पादन मुल्याङकनका LGPAS कार्यविधि छलफल गरियो । साथै कार्यविधि अनुसार आवश्यक प्रमाण तथा तथ्याङकहरु संकलन गरी प्रविष्ट गर्न समितिलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो । |
| ५. | कार्याविधि संशोधन सम्वन्धमा । | यस पाँचपोखरी थाङपाल गाउँपालिकाको अपाङगता भएका व्यक्तिहरुका लागि परिचय पत्र वितरण सम्वन्धी कार्यविधि २०७४ मा भएको व्यवस्थामा अपाङगता भएका व्यक्तिहरुको स्वास्थ्य अवस्था झन विग्रिएको अवस्थामा वर्ग स्तरवृद्धी तथा स्वास्थ्य अवस्था सुधार भएको अवस्थामा वर्ग घटुवा गर्ने व्यवस्था नभएकाले कार्यविधि संशोधन गरी कार्यपालिका सिफारिस गर्न विधायन समितिलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो । |

CamScanner

**पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका**

**आ.व. २०८२/०८३**

**बैठक नं.- २ बैठक मितिः- २०८२/०५/१९**

**बैठक स्थानः- गाउँपालिका**

| | | |
|---|---|---|
| ६. | हैजा, डेंगी, जापानिज ईन्सेफलाईटिस नियन्त्रण सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाका भित्र हुन सक्ने हैजा, डेंगी, जापानिज ईन्सेफलाईटिस महामारीजन्य रोग नियन्त्रणका लागी सवै वडाहरुमा जनचेतनामुलक कार्यसंचालन गर्ने र सो कार्यक्रमका गर्नका लागी गाउँपालिकामा रहेको प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी बढीमा रु. १ लाखसम्म विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ७. | वैदेशिक भगेनी सम्वन्ध विस्तार सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाका एक कृषि र पर्यटनको प्रचुर संभावना बोकेको गाउँपालिका भएकाले कृषिमा जस्तै(आलु, मुला, स्याउ र किवी)पर्यटनका क्षेत्रमा मित्रराष्ट दक्षिण कोरीया देशको कुनैपनी पालिकासँग मित्रताका लागी भगिनी सम्वन्ध विस्तार गर्न हामी इच्छुक रहेकाले तहाँ नेपाली राजदुतावासबाट आवश्यक व्यवस्था मिलाई दिनु हुनका लागी अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ८. | कार्यक्रममा साझेदारीका लागी अनुरोध गर्ने सम्वन्धमा । | पाचँपोखरी थाङपाल गाउँपालिकाको आ.व. ०८२/०८३ का लागि वडा नं. ८ लागर्चे र गोकर्णेश्वर नगरपालिकाबीच साझेदारीमा कार्यक्रम संचालन गर्न अनुरोध गर्ने निर्णय गरियो साथै पाचँपोखरी थाङपाल गाउँपालिका वडा नं. ८ मा रहेको पुरातात्विक, धार्मिक महत्व बोकेको र यस क्षेत्रका बासिन्दाहरुको धार्मिक आस्थाको केन्द्रका रुपमा रहेको वेत्रावती मन्दीर निर्माणका लागी सहयोग गरिदिनुहुन अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ९. | मालपोत तथा नापी कार्यालयमा अनुरोध गर्ने सम्वन्धमा । | पाचँपोखरी थाङपाल गाउँपालिकाको भुउपयोग क्षेत्र वर्गिकरण समेत भई सकेकाले कार्यालयको मापदण्ड अनुसार आवश्यक सहजीकरणका लागी जिल्ला मालपोत तथा नापी कार्यालयमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । |
| १०. | विपदमा गरेका कार्यहरुको भुक्तानी दिने सम्वन्धमा । | पाचँपोखरी थाङपाल गाउँपालिकाको कार्यालयबाट विपदजन्य कार्यहरुमा भएको कामको यस गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो । |

CamScanner